# चिलिङ्ग भ्याट वितरण कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकासन मितिः २०७७/०६/१५**

नेपाल लाईभस्टक सेक्टर इनोभेशन आयोजनाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रममा चिलिङ्ग भ्याट (५०० वा १००० लिटर क्षमताका) वितरण गर्ने लक्ष्य रहेकोले आयोजनाबाट चिलिङ्ग भ्याट प्राप्त गरी सञ्चालन गर्न इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुबाट निम्न अनुसारका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस आयोजना व्यवस्थापन कार्यालयमा सिधै वा आयोजना मातहतका विकेन्द्रीकृत आयोजना सहयोग इकाई(विराटनगर हेटौडा पोखरा बुटवल) मार्फत प्रस्ताव पेश गर्न आह्वान गरिन्छ।

**कार्यक्रम सञ्चालन हुने स्थान**

माग र आवश्यकता हेरी देशका नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना लागू नभएका जिल्लामा सञ्चालन गर्न सकिनेछ।

**प्रस्ताव साथ संलग्न हुन पर्ने आवश्यक कागजातहरुको विवरण**

१. निवेदन।
२. निर्धारित ढाँचामा संक्षिप्त प्रस्ताव।
३. चिलिङ्ग भ्याट स्थापना तथा सञ्चालन गर्ने स्थान बारे जानकारी।
४. संस्था दर्ताको प्रमाण।
५. भ्याट/प्यानमा दर्ता तथा कर चुक्ता प्रमाण।
६. सामाजिक तथा वातावरणीय सुरक्षा पालन गर्ने प्रतिबद्धता।
७. सम्बन्धित स्थानीय तहलाई जानकारी गराएको पत्र।

**प्रस्ताव पेश गर्ने कार्यालय/निकाय**

| प्रदेश नं १,२,५ बागमती र गण्डकी प्रदेशका लागि | कर्णाली र सुदुरपश्चिम प्रदेशको हकमा |
|---|---|
| नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना,<br>आयोजना व्यवस्थापन कार्यालय, हरिहरभवन वा सम्बन्धित<br>विकेन्द्रिकृत आयोजना सहयोग ईकाइ | सम्बन्धित पशुपन्छी तथा मत्स्य<br>विकास निर्देशनालय |

विस्तृत जानकारीका लागि यस आयोजनाको Website: www.nlsip.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना,**
**आयोजना व्यवस्थापन कार्यालय, हरिहरभवन, ललितपुर**